# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
### कीर्तिपुर, काठमाडौं

मिति: २०७९/०१/०४

चलानी नं.

**BCA II, IV, VI र VIII सेमेस्टरको सत्रान्त परीक्षा फाराम भर्ने म्याद थप गरिएको सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित BCA (Bachelor in Computer Applications) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०१७ को **आठौं** सेमेस्टर, शैक्षिक वर्ष २०१८ को **छैटौं** सेमेस्टर, शैक्षिक वर्ष २०१९ को **चौथो** सेमेस्टर र शैक्षिक वर्ष २०२० को **दोस्रो** सेमेस्टरका नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षाको फाराम भर्ने अन्तिम म्याद यही २०७९ साल वैशाख ११ गतेसम्म तोकिएकामा त्यसलाई मिति २०७९ साल जेठ ६ (विलम्व दस्तुरमा २०७९ साल जेठ १२) गतेसम्म थप गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त सेमेस्टरहरूको सत्रान्त परीक्षा वि.सं. २०७९ साल असार पहिलो हप्तावाट सञ्चालन हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

सम्वन्धित क्याम्पस/विभागहरूले फारामहरू रुजु गरी अंग्रेजीको वर्णानुक्रमानुसार मिलाई नियमित तर्फ प्रति विद्यार्थी रु. २५००/- (दुई हजार पाँच सय) र आंशिक तर्फ एउटा तथा दुईटा विषयको रू. १०००/- र सोभन्दा वढी प्रति विषय थप रू. ५००/- का दरले यस कार्यालयको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखामा रहेको चल्ती खातामा २०७९ साल जेठ १० गतेभित्र जम्मा गरेको सक्कल भौचर तथा विलम्ब दस्तुरको जेठ १६ गतेभित्र जम्मा गरेको सक्कल भौचर र आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क सहित अनिवार्यरूपले २०७९ साल जेठ १८ गतेभित्र यस कार्यालयमा पठाउनुहुन अनुरोध गरिन्छ । साथै, विद्यार्थीहरूको नामावली Excel File मा संलग्न ढाँचामा तयार गरी Soft Copy समेत E-mail (tubca2017@gmail.com) बाट वा Pen drive मार्फत पठाइदिनुहुन समेत अनुरोध गरिन्छ ।

पुनश्च :

- परीक्षा आवेदन फाराम यस कार्यालयबाट प्राप्त गर्न सकिने छ । साथै, यस कार्यालयको Website: www.tufohss.edu.np बाट Download गरी प्राप्त गर्न सकिने छ ।
- प्रयोगात्मक परीक्षा तथा Viva वि.सं. २०७९ साल जेठ १६ गतेभित्र सम्वन्धित क्याम्पसमा नै सञ्चालन हुने छ । प्रयोगात्मक परीक्षा शुल्क प्रति विद्यार्थी रु. १५००/- निर्धारण गरिएको छ । तसर्थ, सम्वन्धित विषयका विद्यार्थीहरूको प्रयोगात्मक परीक्षालाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गरी परीक्षा सम्पन्न गरेको ४ दिनभित्र वाह्य परीक्षक स्वयं आफैंले यस कार्यालयमा (पूर्व प्रकाशित सूचनामा संशोधन गरिएको) Marks File बुझाउनुहुन समेत अनुरोध गरिन्छ ।
- आन्तरिक मूल्याङ्कन प्राप्त नभएका परीक्षार्थीहरूको परीक्षा फाराम नबुझिने व्यहोरा समेत जानकारी गराइन्छ ।
- परीक्षार्थीहरूले त्रि.वि. दर्ता नं. अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. दर्ता नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- सम्वन्धित क्याम्पस/कलेजले नवीकरण पत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा-शुल्क तिरेको रसिदको प्रतिलिपि परीक्षा फारामसँगै अनिवार्य रूपमा संलग्न गरेको हुनुपर्ने छ ।

.....................

डा. चिरञ्जीवी आचार्य

सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np Website: www.tufohss.edu.np